गोरखापत्र
www.gorkhapatraonline.com
# ज्ञान सागर
२०७८ साल भदौ २३ गते बुधवार
2021 September 8 Wednesday


## वस्तुगत प्रश्नोत्तर

१. **नेसनल जिओग्राफिक एक्सप्लोर अवार्ड-२०२१ प्राप्त गर्ने नेपाली को हुन् ?**
- उत्तमबाबु श्रेष्ठ
- वातावरण विज्ञानका अध्येता एवं अनुसन्धानकर्ता श्रेष्ठले ४३ हजार डलर (करिब ५५ लाख रुपियाँ)को सो अवार्ड प्राप्त गरेका ।
- अमेरिकाको नेसनल जिओग्राफिक सोसाइटीले विशेषगरी नेपालको संरक्षण क्षेत्रको अनुसन्धानका लागि अनुसन्धान वृत्ति प्रदान गरेको । कोरोनाले नेपालको पर्यापर्यटन, वन्यजन्तु, वनस्पतिलगायत जैविक विविधताको क्षेत्र र त्यसमा आश्रित समुदायमा पारेको प्रभावबारे अध्ययन गर्नु अनुसन्धानको मुख्य उद्देश्य रहेको छ ।

२. **राष्ट्र बैङ्कद्वारा वि.सं. २०७८ भदौमा प्रकाशित तथ्याङ्कअनुसार आ.व. २०७७/७८ मा मुलुकको आर्थिक वृद्धिदर कति कायम भएको अनुमान छ ?**
- ४.०१ प्रतिशत
- प्रतिवेदनअनुसार कृषि क्षेत्रको वृद्धिदर २.६४ प्रतिशत, उद्योग क्षेत्रको ५.०५ प्रतिशत तथा सेवा क्षेत्रको ४.४३ प्रतिशत रहेको ।
- कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको अंश क्रमशः २५.८३ प्रतिशत, १३.११ प्रतिशत र ६१.०६ प्रतिशत रहेको ।
- आ.व. २०७७/७८ मा रेमिट्यान्स आप्रवाह ९.८ प्रतिशतले वृद्धि भएर ९६१ अर्ब पाँच करोड रुपियाँ पुगेको ।

३. **टोकियोमा आयोजित पाराओलम्पिकमा नेपालबाट सहभागी हुने एक मात्र खेलाडी को हुन् ?**
- पलेशा गोवर्धन



(गृष्मकालीन ओलम्पिक समाप्त भएको १५ दिनपछि ओलम्पिक आयोजक सहरले नै पाराओलम्पिक गर्नुपर्ने परिपाटी रहेको ।)

४. **संयुक्त राज्य अमेरिकाले झन्डै २० वर्षपछि अफगानिस्तानबाट आफ्ना सेना पूर्ण रूपमा कहिले फिर्ता गरेको हो ?**
- सन् २०२१ अक्टोबर ३०
- अफगानिस्तानमा बाँकी रहेका केही सेना अक्टोबर ३० सम्म सबै फिर्ता गएको बताइएको । केही दिन अघिदेखि नै अमेरिकाले सेना फिर्ता गर्ने प्रक्रिया सुरु गरिसकेको ।
- अमेरिकाले सन् २००१ सेप्टेम्बर ११ लगत्तै अफगानिस्तान मिसन सुरु गरेको थियो । अमेरिकी ट्विन टावरमा हमला गराएको भनी अलकायदा सङ्गठनका प्रमुख ओसामा बिन लादेनको खोजीका लागि अमेरिकाले सो मिसन सुरु गरेको ।

५. **विश्व स्वास्थ्य सङ्गठनको दक्षिणपूर्वी एसियाको ७४औँ वार्षिक बैठक आयोजना कहाँ भएको छ ?**
- काठमाडौँमा (वि.सं. २०७८ भदौ २१-२५)
(नेपालले ११ वर्षपछि पुनः आयोजक राष्ट्रका रूपमा बैठक गर्ने अवसर प्राप्त गरेको ।)

६. **पहिलोपल्ट विश्व साइकल दिवस कहिले मनाइयो ?**
- सन् २०१८ जुन ३
(संयुक्त राष्ट्रसङ्घद्वारा सन् २०१८ अप्रिल १२ मा यो दिवस मनाउने निर्णय गरिएको ।)

७. **नेपाल, भारत, भुटान तथा बङ्गलादेशमा सीधा बससेवा सञ्चालन सम्बन्धमा गरिएको सम्झौतालाई के नामले चिनिन्छ ?**
- बीबीआईएन इनिसिएटिभ
(भुटानको थिम्पुमा सन् २०१५ जुन १५ मा सम्झौता भएको थियो ।

८. **रूपान्तरणकारी (गेमचेन्जर) योजनाको अवधारणा पहिलोपटक कुन आवधिक योजनामा ल्याइएको हो ?**
- १५औँ
- सरकारले २०७६ फागुन १९ मा १५औँ आवधिक योजना (२०७६/७७-२०८०/८१) पारित गरेको ।
- पन्ध्रौँ पञ्चवर्षीय योजना अवधिमा गरिबीको दरलाई ११ प्रतिशतमा सीमित राख्ने लक्ष्य राखिएको ।
- यस आवधिक योजनाका लागि आर्थिक क्षेत्रका ३९, सामाजिक क्षेत्रका ३४, पूर्वाधार क्षेत्रका ४०, लोकतन्त्र र सुशासनका १०, अन्तरसम्बन्धित दुई, रूपान्तरणकारी १८ र राष्ट्रिय गौरवका २२ आयोजनालाई अनुमोदन गरिएको ।
- यस योजनामा रूपान्तरणकारी (गेमचेञ्जर) योजनाको अवधारणा पहिलोपटक अङ्गीकार गरिएको ।
- यस योजनामा सुख र समृद्धिका छुट्टाछुट्टै सूचकसमेत निर्धारण गरिएको; जसमा सुखका छ र समृद्धिका चार सूचक तय गरिएको ।
- पञ्चवर्षीय योजनाले २५ वर्षे दीर्घकालीन सोचसहितका लक्ष्यसमेत निर्धारण गरेको ।

९. **लिच्छवि कालमा जिल्लालाई विषय भनिन्थ्यो भने जिल्ला प्रमुखलाई के भनिन्थ्यो ?**
- विषयपति

१०. **स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तर्जुमा गरेको दीर्घकालीन आधारपत्रको नारा के हो ?**
- समृद्ध मुलुकका लागि स्वस्थ नागरिक
(मन्त्रालयले वि.सं. २१०० सम्मको दीर्घकालीन आधारपत्र तयार गरेको ।)

११. **नेपालको संविधान (२०७२) को कुन धारामा महिला र पुरुषबीच समान कामका लागि पारिश्रमिकमा भेदभाव नगरिने उल्लेख छ ?**
- धारा १८ (४)

१२. **लिच्छवि काल र मल्ल कालमा शिक्षाको माध्यम भाषा कुन थियो ?**
- संस्कृत

१३. **नेपाल एकीकरण अभियानताका त्रिशक्ति भनी कुन-कुन राज्यलाई चिनिन्थ्यो ?**
- पाल्पा, लमजुङ र तनहुँ

१४. **कोतपर्व, भण्डारखाल पर्व तथा अलौ पर्व कुन राजाको पालामा भएका घटना हुन् ?**
- राजेन्द्रविक्रम शाह

१५. **जग्गाधनीलाई तल्सिङ र जग्गा कमाउनेलाई मोही भन्ने चलन चलाउने राजा को हुन् ?**
- जयस्थिति मल्ल

१६. **नेपालको प्रमुख खाद्यान्न बाली धान हो भने दोस्रो प्रमुख खाद्यान्न बाली कुन हो ?**
- मकै

१७. **भिक्टोरिया फल्स कुन-कुन देशको सीमामा पर्दछ ?**
- जिम्बाबे र जाम्बिया

१८. **धान नाच लिम्बू जातिमा प्रचलित छ भने लट्ठी नाच र तरबार नाच कुन जातिमा प्रचलित छ ?**
- थारू

१९. **सम्पूर्ण सरकारी कार्यालयमा निशान छापको प्रचलन कहिलेदेखि लागू भएको हो ?**
- वि.सं. २०१९ पुस १
(हाल प्रचलनमा रहेको नयाँ निशान छाप वि.सं. २०६३ पुस १५ देखि कार्यान्वयनमा ल्याइएको ।)

२०. **बेबी नोबल भनी चिनिने जोन विट्स क्लार्क अवार्ड २०२१ बाट सम्मानित हुने व्यक्ति को हुन् ?**
- इर्सेया एन्ड्रयुज

२१. **आई-फेमिलिया भन्नाले के बुझिन्छ ?**
- पारिवारिक डीएनएको माध्यमबाट हराइरहेको व्यक्तिको पहिचान गर्नका लागि इन्टरपोलद्वारा २०२१ जुनदेखि सञ्चालनमा ल्याइएको डाटावेस ।

२२. **जेनेटिक इन्जिनियरिङलाई के पनि भनिन्छ ?**
- डीएनए टेक्नोलोजी

२३. **नेपालको पूर्वी तराईमा बोलिने झाँगडभाषा कुन भाषा परिवारअन्तर्गत पर्दछ ?**
- द्रविड


२४. **नेपालमा काष्ठकलाको उच्चतम विकास कुन कालमा भएको मानिन्छ ?**
- मल्ल कालमा

२५. **नेपालमा सर्वप्रथम कागजी मुद्रा कहिलेदेखि प्रचलनमा ल्याइएको हो ?**
- वि.सं. २००२ असोज १




- नेपालमा राणा प्रधानमन्त्री जुद्धशमशेरले एक अध्यादेश जारी गरी वि.सं. २००२ असोज १ देखि कागजी मुद्रा प्रचलनमा ल्याएका थिए ।
- पहिलो पटक १००, १० र पाँच दरका कागजी नोट जारी गरिएको थियो ।
- सदर मुलुकीखानाबाट जारी गरिएका ती नोटमा दस्तखत गर्ने खजाञ्ची जनकराज थिए ।

२६. **गिनिज बुक अफ वर्ल्ड रेकर्ड्सको प्रकाशनको सुरुवात कहिलेदेखि भएको हो ?**
- सन् १९५५ अगस्ट २७




(विश्वमा भएका विविध कीर्तिमानहरू उल्लेख गरी प्रत्येक वर्ष प्रकाशित हुने गिनिज बुक अफ वर्ल्ड रेकर्ड्सको पहिलो प्रकाशन सन् १९५५ अगस्ट २७ मा बेलायतको लन्डनमा भएको ।)

२७. **कुन सङ्गठनलाई युद्धको बच्चा भनी चिनिन्छ ?**
- लिग अफ नेसन्स

२८. **एबेल अवार्ड २०२१ कसलाई प्रदान गरियो ?**
- ऐवी विग्डरसन -हङ्गेरी)




- प्रखर क्षमता भएका गणितज्ञलाई प्रदान गरिने सो पुरस्कारको राशि झन्डै छ लाख युरो रहेको ।
- यो पुरस्कार नर्वे सरकारद्वारा प्रदान गरिएको ।
- सन् २००१ मा स्थापित यो पुरस्कार सन् २००३ देखि प्रदान गर्न थालिएको ।
- पहिलोपल्ट यो पुरस्कार फ्रान्सका जिन पियरे सिरेलाई प्रदान गरिएको ।

२९. **चीन-दक्षिण एसियाली गरिबी उन्मूलन र सहकारी विकास केन्द्रको स्थापना कहिले भएको हो ?**
- सन् २०२१ जुलाई ८
- छ सदस्यीय यस सङ्गठनमा चीन एवं दक्षिण एसियाका पाँच राष्ट्र (नेपाल, बङ्गलादेश, पाकिस्तान, अफगानिस्तान र श्रीलङ्का) रहेका ।
- गरिबी निवारणमा मिलेर कार्य गर्ने उद्देश्यका साथ यस सङ्गठनको स्थापना भएको ।
- पाँच दक्षिण एसियाली मुलुकमा शाखा कार्यालय रहने ।


३०. **अन्तर्राष्ट्रिय सहकारी दिवस कहिले मनाइन्छ ?**
- जुलाई महिनाको पहिलो शनिबार
(सन् २०२१ को नारा : रिबिल्ड बेटर टुगेदर)

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# संसदीय समितिको गठन तथा कार्यक्षेत्र

१. **दिगो विकास लक्ष्य भनेको के हो ? लेख्नुहोस् ।**
- संयुक्त राष्ट्रसङ्घको महासभाले सन् २०१६ देखि २०३० सम्म विश्वको रूपान्तरण र विकासको हरेक आयाममा कसैलाई पनि पछाडि नछोड्ने प्रतिबद्धताका साथ सन् २०१५ को सेप्टेम्बरमा गरेको विश्वव्यापी घोषणालाई दिगो विकास लक्ष्य भनिन्छ । यसमा १७ वटा लक्ष्य, १६९ वटा परिमाणात्मक लक्ष्य र २३२ वटा विश्वव्यापी सूचक निर्धारण गरिएका छन् । यसले विश्वका सबै राष्ट्रमा सहभागितामूलक, अधिकारमुखी र समतामूलक विकास गर्ने मान्यता लिएको छ । यसमा सामाजिक, आर्थिक र पर्यावरणीय गरी तीन आयाम समावेश गरिएको छ । गरिबी र भोकमरी अन्त्य गर्ने, शिक्षा र स्वास्थ्य सबैलाई पुर्‍याउनेदेखि लैङ्गिक समानता, सबैका लागि स्वच्छ पानी, सबैमा ऊर्जाको पहुँच, रोजगारीको प्रवर्द्धन, आर्थिक वृद्धि, उद्योग, पूर्वाधार विकास र दिगो सहरीकरणजस्ता विषय यसमा समेटिएका छन् ।




२. **मुलुकमा आर्थिक वृद्धि, आर्थिक स्थायित्व र सामाजिक न्याय कायम गर्न वित्त नीतिको भूमिकाबारे चर्चा गर्नुहोस् ।**
- मुलुकको अर्थतन्त्रलाई कर, सरकारी खर्च र ऋणको माध्यमबाट आवश्यकताअनुसार प्रभावित गर्ने नीति वित्त नीति हो । यो सार्वजनिक स्रोतसाधनहरूको परिचालन र बाँडफाँट गर्ने माध्यम हो । यो समष्टिगत आर्थिक नीतिको एक अभिन्न अङ्ग भएको, कार्यक्षेत्र र प्रभाव बृहत् भएकाले यसले अर्थव्यवस्थामा देखा पर्ने आर्थिक मन्दी र मूल्य वृद्धि सामना गर्न मद्दत गर्दछ । राजनीतिक र सामाजिक जगमा उभिएको यो नीतिले मुलुकमा आर्थिक वृद्धि, आर्थिक स्थायित्व र सामाजिक न्याय कायम गर्न निम्नअनुसारको भूमिका निर्वाह गर्दछ :
- लक्ष्यअनुरूप राजस्व परिचालन गरी आर्थिक वृद्धि हासिल गर्न उत्पादनशील क्षेत्रमा लगानी बढाउने,
- सार्वजनिक लगानीका सार्वजनिक तथा निजी क्षेत्रको साधनस्रोत जुटाउने,
- निकासीमा कर छुट दिएर निकासी बढाउने,
- दुर्गम क्षेत्रमा उद्योग स्थापना गर्न प्रोत्सान गर्ने, कर छुट, सहुलियत, सुविधा प्रदान गर्ने,
- बढी रोजगारी दिने उद्योग व्यवसायलाई सुविधा दिएर वस्तु तथा सेवाको उत्पादन र उत्पादकत्व बढाउने,
- प्रगतिशील कर प्रणाली अवलम्बन गर्ने, बढी आय हुनेलाई बढी कर लगाएर उठेको रकम गरिबी निवारण कार्यमा खर्च गर्ने, सामाजिक न्याय कायम गर्ने,
- भन्सार महसुल, अन्तःशुल्कमार्फत स्वदेशी उद्योगको संरक्षण गर्ने,
- न्यून दरमा करको दायरा विस्तार गर्ने,
- करका दर, विनिमय दर, ब्याजदर, मुद्रास्फीति दरमा सकेसम्म स्थिरता ल्याउने, एकआपसमा अन्तरसम्बन्ध विकास गर्ने, आर्थिक स्थायित्वमा जोड दिने,
- सरकारी खर्चलाई पूर्वाधार निर्माण र उत्पादनशील क्षेत्रमा केन्द्रित गरी आर्थिक वृद्धि हासिल गर्ने,
- सन्तुलित बजेट कार्यान्वयन गरी आर्थिक स्थायित्व कायममा जोड दिने,
- शिक्षा, स्वास्थ्य, कृषिजस्ता क्षेत्रमा लगानी बढाउने, गरिबी निवारणमा ध्यान दिने,
- सामाजिक सुरक्षामा लगानी वृद्धि गर्ने, वृद्धभत्ता, पेन्सन, औषधि उपचार आदि क्षेत्रमा लगानी गरी सामाजिक संरक्षणको दायरा फराकिलो बनाउने,
- निजी क्षेत्र साधनविहीन नहुने गरी आन्तरिक ऋण परिचालन गर्ने,
- आन्तरिक ऋणभन्दा सहुलियतपूर्ण दीर्घकालीन विदेशी ऋण परिचालन गर्ने,
- नीतिगत, संस्थागत, प्रक्रियागत पक्षमा सुधार गर्दै स्वदेशी तथा विदेशी लगानी अभिवृद्धि गर्ने,
- वित्त नीति निर्माण र कार्यान्वयनमा निजी क्षेत्रको सहभागिता बढाई सार्वजनिक निजी क्षेत्रको साझेदारी सुदृढ गर्ने ।

३. **सेवाग्राहीप्रति कर्मचारीको व्यवहार र आचरण के कस्तो हुनुपर्दछ ? लेख्नुहोस् ।**
- सेवाग्राही सेवा प्रापक हो । कर्मचारी सेवा प्रदायक हो । सेवा प्रदायकले सेवाग्राहीप्रति असल व्यवहार र आचरण प्रदर्शन गर्नुपर्दछ । जुन निम्नअनुसार हुनुपर्दछ :
- सेवाग्राहीको काम समयमै गर्नुपर्ने, समयमै काम हुन नसकेमा त्यसको आधार र कारण दिनुपर्ने,
- सेवाग्राहीप्रति मर्यादित व्यवहार गर्नुपर्ने,
- जवाफ दिँदा शिष्टतापूर्वक दिने,
- सेवाग्राहीप्रति उत्तरदायी रहने,
- सेवाग्राहीको हितलाई ध्यानमा राखी काम गर्ने,
- वृद्ध, अशक्त, अपाङ्ग, गर्भवती महिला, बालबालिका, असहायलाई प्राथमिकता दिनुपर्ने,
- सरल र सहज भाषामा सेवा दिने,
- सेवा प्रवाहमा सेवाग्राहीको पहुँच बढाउने,
- सेवा प्राप्तिको प्रक्रिया, लाग्ने समय, लागतबारे सेवाग्राहीलाई यथासमयमै जानकारी गराउने,
- आफ्नो पदअनुसारको आचरण पालन गर्ने,
- निष्पक्ष रूपमा गुणस्तरीय सेवा प्रवाह गर्ने,
- छिटोछरितो सेवा प्रवाह गर्ने,
- सेवा प्रवाहमा पारदर्शिता र मितव्ययिता कायम गर्ने,
- आफ्नो परिचयपत्र र तोकिएको पोसाकसहित सेवा प्रवाह गर्ने ।

४. **वित्तीय सङ्घीयताका मूलभूत तत्त्वहरू के के हुन् ? लेख्नुहोस् ।**
- सङ्घीय प्रणालीमा संलग्न तहगत सरकारबीच साधनस्रोत परिचालन गर्न अवलम्बन गरिने सङ्घीयताको मुख्य पक्ष वित्तीय सङ्घीयता हो । वित्तीय सङ्घीयता एक सफल सङ्घीय प्रणालीको पूर्वसर्त हो । यो जति प्रभावकारी हुन्छ, देशमा सङ्घीयता उति नै बलियो हुन्छ । तहगत सरकारबीच सम्बन्ध, सहकार्य एवं अन्तरनिर्भरता कायम गर्न यसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । वित्तीय सङ्घीयताका मूलभूत तत्त्वहरू निम्नअनुसार छन् :

क. **खर्चको जिम्मेवारी,**
- यसमा तहगत सरकारको कार्यक्षेत्र प्रस्ट हुन्छ । कुन सरकारले के के क्षेत्रमा लगानी गरी देश र जनताको सेवा गर्ने भन्ने व्यवस्था संविधानले नै गरेको हुन्छ ।

ख. **राजस्व परिचालनको अधिकार,**
- यसअन्तर्गत कर र गैरकर पर्दछन् ।

ग. **वित्तीय हस्तान्तरण,**
- यसअन्तर्गत अनुदान वितरण र राजस्व बाँडफाँट पर्दछन् ।

घ. **ऋण परिचालन,**

ङ. **वैदेशिक सहयोग परिचालन,**

च. **प्राकृतिक स्रोतसाधनको परिचालन ।**

५. **गाउँपालिकाको अध्यक्ष तथा नगरपालिकाको प्रमुखको काम, कर्तव्य र अधिकार के के हुन् ? लेख्नुहोस् ।**
- गाउँपालिका तथा नगरपालिकाको कार्यपालिकाको कार्यविभाजन र कार्यसम्पादनसम्बन्धी व्यवस्था सम्बन्धित कार्यपालिकाले स्वीकृत गरेको नियमावलीबमोजिम हुने व्यवस्था छ । यस्तो कार्यविभाजन नियमावलीमा अध्यक्ष तथा प्रमुख, उपाध्यक्ष तथा उपप्रमुख, वडा अध्यक्ष र सदस्यको काम, कर्तव्य र अधिकार उल्लेख भएको हुनुपर्ने व्यवस्था छ । उपरोक्त बमोजिमको नियमावलीबाट पदाधिकारीको कार्यविभाजन, काम, कर्तव्य र अधिकार नतोकिएसम्मका लागि गाउँपालिकाको अध्यक्ष तथा नगरपालिकाको प्रमुखको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख छ :
- सभा तथा कार्यपालिकाको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,
- सभा र कार्यपालिकाको बैठकमा बैठकको कार्यसूची तथा प्रस्ताव पेस गर्ने, गराउने,
- वार्षिक कार्यक्रम तथा बजेट तयार गरी सभामा पेस गराउने,
- सभाको अधिवेशन आह्वान र अन्त्य गर्ने,
- सभा र कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने-गराउने,
- कार्यपालिकाको दैनिक कार्यको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने,
- उपाध्यक्ष वा उपप्रमुख, कार्यपालिकाका सदस्य तथा प्रमुख प्रशासकीय अधिकृतलाई काजमा खटाउने,
- स्थानीय तहबाट गर्नुपर्ने प्रमाणित वा सिफारिस गर्ने, (वडा समितिबाट सम्पादन हुने सिफारिस तथा प्रमाणित हुने विषयबाहेक)
- गाउँपालिका तथा नगरपालिकाको चल अचल सम्पत्ति हेरचाह तथा मर्मत सम्भार गर्ने गराउने,
- आम्दानी, खर्च, हिसाब र अन्य कागजपत्र सुरक्षित राख्ने, राख्न लगाउने,
- गाउँपालिका तथा नगरपालिकाका समिति, उपसमिति तथा वडा समितिको कामको रेखदेख गर्ने,
- सार्वजनिक सेवा प्रवाहसम्बन्धी गुनासो व्यवस्थापन गर्ने, गराउने,
- सात दिनभन्दा बढी समय गाउँपालिका वा नगरपालिकामा अनुपस्थित हुने भएमा उपाध्यक्ष वा उपप्रमुखलाई कार्यभार दिने र उपाध्यक्ष वा उपप्रमुख पनि अनुपस्थित भएमा कुनै सदस्यलाई कार्यभार दिने,
- सभा वा कार्यपालिकाले तोकेका अन्य काम गर्ने ।

६. **कार्यालय विन्यास भनेको के हो ? यसको महत्त्वबारे लेख्नुहोस् ।**
- कार्यालयका लागि उचित स्थानको छनोट एवं उपयुक्त भवनको व्यवस्था गरिसकेपछि व्यवस्थापकले उपलब्ध स्थानको अधिकतम उपयोग हुने गरी कार्यालयको सजावट गर्ने कार्यलाई कार्यालय विन्यास भनिन्छ । यो कार्यालयको रूपाङ्कन गर्ने कार्य हो ।
- यसअन्तर्गत विभिन्न विभाग तथा कोठाहरूमा टेबल, कुर्सी, दराज, सजावटका सामान, विभिन्न यन्त्र आदि वैज्ञानिक ढङ्गले व्यवस्थित एवं आकर्षक गर्ने कार्यहरू पर्दछन् । यसले गर्दा कार्यालयले गर्ने कार्यलाई मितव्ययी र प्रभावकारी रूपमा प्रवाह गर्न मद्दत पुग्दछ ।

**कार्यालय विन्यासको महत्त्व**
- उपलब्ध स्थान तथा उपकरणको उचित प्रयोग,
- सरल र पारदर्शी सेवा प्रवाह,
- अपाङ्गमैत्री कार्यालय व्यवस्थापन,
- कार्यालय खर्चमा मितव्ययिता,
- कार्यालयको कार्यदक्षतामा अभिवृद्धि,
- सहज सुपरिवेक्षण, कामको निष्पक्ष मूल्याङ्कन,
- प्रभावकारी नियन्त्रण,
- उपयुक्त सञ्चार व्यवस्थापन,
- कर्मचारीको मनोबलमा वृद्धि,
- सुशासन र विकासमा सहयोग,
- ग्राहकमा सकारात्मक प्रभाव ।

७. **सहरी जनसङ्ख्या व्यवस्थापन कसरी गर्न सकिएला ? चर्चा गर्नुहोस् ।**
- सडक, विद्युत्, खानेपानी, शिक्षा, स्वास्थ्य, उद्योग, व्यापार भएको साधन र सुविधासम्पन्न क्षेत्र सहर हो । यही सहरको विस्तार हुने कार्य सहरीकरण हो । सहरमा विभिन्न सेवा सुविधा हुने, रोजगारी पाइनेजस्ता कारणले सहरमा जनसङ्ख्या स्वभावतः बढी नै हुन्छ । त्यसैले गाउँका मानिसलाई गाउँमै बस्ने वातावरण सिर्जना गरेर सहरमा जनसङ्ख्या बढी हुन नदिनु सहरमा जनसङ्ख्या व्यवस्थापन गर्ने सबैभन्दा उत्कृष्ट उपाय हो । यसका लागि निम्न उपाय अवलम्बन गर्न सकिन्छ :
- सरकारी सेवा सुविधाहरू गाउँसम्म सहज रूपमा उपलब्ध गराउने,
- गाउँगाउँमा उद्योग, कलकारखानाहरू स्थापना हुने वातावरण तयार गर्ने,
- सडक सञ्जाललाई गाउँगाउँसम्म विस्तार गर्ने, कच्ची सडक पिच गर्ने,
- गाउँमा प्रयोग गर्ने घरायसी विद्युत्को शुल्क निःशुल्क गर्ने,
- सरकारी विद्यालय तथा ग्रामीण बस्तीहरूमा निःशुल्क वाईफाईको व्यवस्था गर्ने,
- गाउँका कृषकका आवश्यकता पूरा गर्ने, मल, बीउ, कृषि शिक्षा, तालिम, पुँजी, कृषि औजार उपलब्ध गराउने,
- व्यावसायिक कृषि प्रणालीको विकास गर्ने, यसलाई ग्रामीण पर्यटनसँग आबद्ध गर्ने, गाउँगाउँमा होमस्टे विकास गरी गाउँको अर्गानिक कृषि उपजको प्रवर्द्धन गर्ने,
- गाउँमा लगानीको वातावरण तयार गर्ने,
- सरकारी तथा निजी विद्यालय, क्याम्पस गाउँमा स्थापना गर्न जोड दिने,
- सामुदायिक विद्यालय, सरकारी स्वास्थ्य संस्थाको सुदृढीकरण गरी गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको प्रत्याभूति प्रदान गर्ने,
- बैङ्क तथा वित्तीय संस्थाका ग्रामीण तहसम्म शाखा विस्तार गर्ने, यस्ता शाखा र सहकारी संस्थाहरूमार्फत पुँजी परिचालन बढाउने,
- गाउँलाई सहरसँग आबद्ध गर्ने, गाउँका कृषि उत्पादन सहरमा बिक्री गर्ने, कृषि उपजमा गाउँलाई आत्मनिर्भर गराउने, तराईमा अन्नबाली, पहाडमा फलफूल, हिमालमा जडीबुटीको विकास बढाउने,
- न्यूनतम सेवासुविधाको प्रत्याभूतिसहित गाउँ तथा सहरमा एकीकृत बस्ती विकासको अवधारणा लागू गर्ने,
- गाउँपालिका र नगरपालिकाबीच योजना, कार्यक्रम, बजेटमा अन्तरसम्बन्ध विकास गरी संयुक्त कार्यक्रम लागू गर्ने, विकासमा गाउँ सहरको साझेदारी प्रवर्द्धन गर्ने ।

८. **संसद्मा संसदीय समिति किन बनाइन्छ ? कारण दिनुहोस् ।**
- संसद ठूलो हुन्छ र संसद्मा सांसद सङ्ख्या पनि धेरै हुन्छन् । त्यसैले जति बेला पनि संसद् बैठक बस्न प्रायः असम्भव हुन्छ । संसद्मा दलीय प्रभाव बढी हुन्छ र सांसदले दलको प्रतिनिधि भएर आफ्नो निजी विचारभन्दा दलको विचार राख्नुपर्ने हुन्छ । सबै सांसदले एउटै बैठकमा विचार राख्न पनि समय अभाव हुन्छ । कतिपय विषय तथा क्षेत्रमा विषयविज्ञको पनि आवश्यकता पर्न सक्दछ तर संसद्मा विषयविज्ञलाई आमन्त्रण गर्न सम्भव हुँदैन । पेस भएका विधेयकमा दफावार छलफल गरी सहमति कायम गर्न पनि गाह्रो हुन्छ । त्यसकारण संसद्का सदस्यहरूको ज्ञान, अनुभव एवं पृष्ठभूमिसमेतलाई ध्यान दिई सबै सदस्यको यथासम्भव प्रतिनिधित्व हुने गरी सानो आकारमा संसदीय समिति बनाइन्छ । यो नै संसद्मा संसदीय समिति बनाउनुपर्ने मुख्य कारण हो । अरू कारण पनि छन्, जुन निम्न छन् :
- संसद्को कार्यबोझ र समय कम गर्न,
- विधेयकउपर व्यापक, सघन एवं विस्तृत रूपमा छलफल गर्न,
- दलीय राजनीतिबाट अलि माथि उठेर विषयवस्तुउपर निष्पक्ष छलफल गर्न,
- संसद्मा दलीय नभई साझा दृष्टिकोण तयार गर्न,
- संसद्का कार्यलाई सहजीकरण गर्न,
- संसदीय मूल्य मान्यताको प्रवर्द्धन गर्न,
- संसदीय कार्य प्रणालीलाई थप प्रभावकारी बनाउँदै सरकारलाई जिम्मेवार, जवाफदेही बनाउन ।
- नेपालको सङ्घीय संसदअन्तर्गत प्रतिनिधि सभामा दस, राष्ट्रिय सभामा चार र दुवै सदनको प्रतिनिधित्व हुने गरी दुई संयुक्त समिति गरी जम्मा १६ संसदीय समितिको व्यवस्था छ ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**